त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषयको मौका परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार संचालन भएको चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय अध्ययन गरी उत्तीर्ण हुन नसकेका **२०६९ साल देखि अवधी नाघेका विद्यार्थीहरुलाई एक पटकका लागि मौका परीक्षाको व्यवस्था गर्न त्रि.वि., प्राज्ञिक परिषदको मिति २०७९।०७।२५ को पत्रानुसार स्वीकृती भई आएकोले** कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय **प्रथम वर्ष प्रथम शत्र देखि चौथो वर्ष आठौं शत्र सम्मको परीक्षाको परीक्षा** आवेदन फाराम २०७९ साल माघ १६ गते सम्ममा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित क्याम्पस/ कलेजहरुले फारामहरु रुजु गरी मिति २०७९ साल माघ २० गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउन पर्नेछ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु** :

(क) **परीक्षार्थीको आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे** :

- परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise-data) परीक्षा आवेदन फाराम साथ पठाउनु पर्नेछ।
- मौका परीक्षा दिने परीक्षार्थीहरुको परीक्षा आवेदन फाराममा लब्धांक पत्रको फोटोकपी फारम साथै संलग्न गरी पठाउनु पर्ने छ।

२. **परीक्षा शुल्क** :

क) प्रति शत्र परीक्षा शुल्क मौका २,५००।-

३. **विलम्ब शुल्क** :

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,५००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा** :

सम्बन्धित क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लि.को चल्ती हिसाब नं.०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ।

५. **परीक्षा केन्द्र** : **पछि तोकिने छ।**

द्रष्टव्य :-

* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी सम्बन्धीत क्याम्पस/कलेज मार्फत बुझाउनु पर्नेछ। साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ। अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन।
* एक भन्दा बढी सेमेष्टरमा अनुत्तिर्ण हुने परीक्षार्थीले प्रत्येक सेमेष्टरको परीक्षा आवेदन फारम भर्दा छुट्टाछुट्टै फारम भर्नु पर्नेछ।

२०७९।०८।१८

Institute of Sc... Technology
D... Office

सहायक डीन